

# मानव बेचबिखन जघन्य अपराध हो ।

बाँधा, बाध्यकारी श्रम र मानव बेचबिखन विरुद्ध सक्रिय होऔं,
सुरक्षित-मर्यादित काम र सामाजिक सुरक्षाका लागि एकजुट होऔं ।

## पृष्ठभूमी

नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) ले श्रमिकको अधिकारका साथै समाजमा भइरहेका विभेद, अन्याय र शोषण विरुद्ध अभियानहरु संचालन गर्दै आएको छ । काम अनुसारको दाम, सामाजिक सुरक्षा, लिङ्ग-जाति-क्षेत्रका आधारमा गरिने विभेदको अन्त्य गरी श्रमिकहरुका आधारभूत अधिकार प्राप्तिका लागि क्रियाशील छ । महासंघले औपचारिक मात्र नभई अनौपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा गएका श्रमिकहरुलाई समेत संगठित गर्दै आएको छ ।

श्रम बजारमा श्रमिक महिलाहरुको अवस्था, संगठन र नेतृत्वमा महिला सहभागिताको अवस्थालाई ध्यानमा राखी महिला सशक्तिकरणका विशेष कार्यक्रम संचालन गरेको छ । त्यसमा पनि घरेलु श्रमिक र बाँधा अवस्थामा काम गर्नुपर्ने श्रमिक महिलाहरुलाई लक्षित गरेको छ ।

एक अध्ययन अनुसार नेपालमा एकलाख साठी हजार भन्दा बढी घरेलु श्रमिकहरु कार्यरत छन् । तर कानुनमा घरेलु श्रमिकहरुलाई श्रमिकको रुपमा मानेको अवस्था नभएकोले श्रमिकले पाउनु पर्ने अधिकार उनीहरुले पाएका छैनन् । त्यसैले महासंघले घरेलु श्रमिकहरुलाई संगठित गर्न थाल्यो । २०६३ सालमा **नेपाल स्वतन्त्र घरेलु श्रमिक यूनियन** (NIDWU) स्थापना गर्‍यो । यो यूनियन दक्षिण एशिया कै पहिलो घरेलु श्रमिक यूनियन हो ।

यो संगठन घर भित्रका काम गरेर रोजगारदाताका परिवारलाई सेवा-सुविधा पुर्‍याएर जीविकोपार्जन गर्ने घरेलु श्रमिकहरुलाई संगठित गरी उनीहरुको हकहितको रक्षाका लागि स्थापना भएको हो । घर-आंगन सफा गर्ने, खाना पकाउने, लुगा धुने, बजारबाट सामान किनेर ल्याउने, साना केटाकेटी, वृद्ध-वृद्धाको हेरचाहर गर्ने, फुलबारी, करेसाबारीमा काम गर्ने श्रमिकहरु नेपाल स्वतन्त्र घरेलु श्रमिक यूनियनमा आबद्ध छन् ।

अर्कातर्फ, नेपाली श्रम बजारमा वर्षेनी चार लाखको हाराहारीमा युवाहरु रोजगारीको खोजीमा आउँछन् । तर रोजगारीको अनिश्चितताले उनीहरु वैदेशिक रोजगारमा जान बाध्य छन् । नेपालीहरु वैदेशिक रोजगारमा जाँदा विभिन्न प्रकारका समस्याहरुमा परिरहेका छन्: ठगी, अलपत्र पर्ने, यौन शोषण, मानव बेचबिखन, भाषा तथा आवश्यक ज्ञानको कमीका कारण जेल पर्ने, दुर्घटनामा परी अंगभंग र मृत्यु समेत हुने समस्याहरु भोग्दै आएका छन् ।

महासंघले प्रवासी कमिटी मार्फत नेपाली प्रवासी श्रमिकहरुलाई सहयोग र संगठित गर्दै आएको छ । विभिन्न मुलुकहरुमा कार्यरत नेपाली श्रमिकहरुलाई संगठित गर्न जिफन्ट-सहयोग समूहको स्थापना गरी प्रवासी श्रमिकहरुको समस्या समाधान गर्ने प्रयास गरिरहेको छ ।

मानव वेचविखन गर्ने
अपराधीलाई सजाय दिलाएरै छाडौं ।



## नेपाल घरेलु श्रमिक यूनियन स्थापनाको उद्देश्य

- घरेलु श्रमिकहरुको मर्यादित, समृद्ध र सिर्जनशील जीवनको लक्ष्य प्राप्त गर्न क्रियाशील रहने ।
- घरेलु श्रममा कार्यरत श्रमिकहरुको पहिचान र कानुनी अधिकार स्थापित गराउने ।
- घरेलु श्रमिकहरुको जीवनस्तर उकास्ने र सामाजिक सुरक्षाको प्रत्याभूति गराउने ।

## वैदेशिक रोजगारीमा महिला

हाल वैदेशिक रोजगारीमा श्रमिक महिलाहरुको उल्लेख्य सहभागिता रहेको छ । विशेषगरी घरेलु श्रममा महिलाहरु जाने क्रम बढ्दो छ । अधिकांश घरेलु श्रमिकको रुपमा गएका प्रवासी नेपाली महिला श्रमिकहरुले खाडी मुलुकहरुमा दु:ख, कष्ट, पीडा र मृत्यु भोगिरहेका छन् । घरेलु श्रम र श्रमिक सम्बन्धी स्पष्ट नीति, नियम, कानुन र सीपको अभावमा नेपाली श्रमिक महिलाहरु असुरक्षित र अमर्यादित ढंगले काम गर्न बाध्य छन् । रोजगारीको क्रममा बाँधा र बाध्यकारी अवस्थामा श्रम गर्न बाध्य छन् । धेरै संख्यामा नेपाली महिलाहरु बेचबिखनको सिकार भइरहेका छन् ।

## बाध्यकारी श्रम र मानव बेचबिखन

कसैलाई उसको इच्छा विपरीत कुनै पनि काम गर्न बाध्य पारिन्छ भने त्यस्तो बाध्यकारी श्रम हो । यसका धेरै रुपहरुमध्य कमैया, हलिया, गोठाला, हरुवा,

चरुवा र यौन व्यवसायमा जबरजस्ती संलग्न गराइनु आदि हो । नेपालको पश्चिममा (दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) मा रहेको कमैयाप्रथा २०५७ साउन २ गतेदेखि नेपाल सरकारले अन्त्य गरेको थियो । तर अझै त्यसका अवशेषहरू बाँकी छन् ।

## मानब बेचबिखन तथा ओसारपसार

मानव बेचबिखन/ओसारपसार भन्नाले कुनै व्यक्तिलाई उसको इच्छा विरुद्धको काममा लगाउन एक ठाउँबाट अर्को ठाउँमा लानु, उसको इच्छा विपरीत काम गर्न बाध्य पार्नु मानव बेचबिखन तथा ओसारपसार गर्नु हो ।

वैधानिक वा अवैधानिक तरिकाबाट डर, धम्की, बल प्रयोग गरिएको, जबरजस्ती बन्धक बनाइएको, नक्कली कागज बनाएर, जालसाजी गरेर वा ढाँटेर, शक्ति वा ओहोदाको दुरुपयोग गरेर, लोभलालच देखाएर वा पैसा दिएर, गलत आश्वासन देखाई वा गलत सम्झौता गराई एक ठाउँबाट अर्को ठाउँमा लगिएको अवस्थालाई मानव बेचबिखन तथा ओसारपसार भनिन्छ । नक्कली विवाह, धन आर्जनको आकर्षण, आफन्तकहाँ पुऱ्याइदिने बहाना, धर्म सन्तान बनाउने जस्ता प्रलोभन देखाएर दलालहरुले मानव बेचबिखन गर्दछन् ।

वर्तमान अवस्थामा अप्ठेरो काम गराउन, सस्तो श्रम, अंग प्रत्यारोपण, खतरापूर्ण कामका साथै मनोरञ्जका लागि मानव बेचबिखन हुने गरेका छन् । जस्तो-

१. यौन व्यवसायमा लगाउन
२. घरेलु श्रममा लगाउन
३. सर्कसमा खेलाउन
४. अङ्ग तस्करी
५. मगन्ते बनाउन
६. बधुँवा श्रमिक बनाउन
७. अवैध क्रियाकलाप गराउन
८. जोखिमपूर्ण कार्यमा लगाउन: लागू पदार्थ ओसारपसार
९. उत्तेजक नाच देखाउन
१०. श्रमको शोषण गर्न

संगठित होऔं,
अप्ठेरो पर्दा संगठनले तपाईंलाई सहयोग गर्दछ ।

## मानव बेचबिखन तथा ओसारपसारबाट को बढी पिडित हुन्छन् ?

आर्थिक, सामाजिक, घरपरिवार र स्वयम् आफ्नो कारणले मानव बेचबिखनमा जो कोही पनि पर्नसक्छन् । तर विशेष गरी बढीमात्रामा निम्न अवस्थाका व्यक्तिहरु जानेर वा नजानेर बेचबिखनमा पर्दछन् -

१. एकल वा हिंसामा परेका महिलाहरु
२. अनाथ, टुहुरा
३. द्वन्द्व वा युद्धबाट पीडितहरु
४. बेरोजगार/आर्थिक अवस्था कमजोर भएकाहरु
५. निरक्षर र अशिक्षितहरु
६. सामाजिक रुपमा पछाडि पारिएका उत्पीडित
७. शिक्षा, सूचना र सञ्चारबाट वञ्चित
८. अति महत्वकाङ्क्षा भएकाहरु
९. असंगठित श्रमिकहरु
१०. विभिन्न शोषणमा र विपत्तिमा परेकाहरु

## आवश्यकता

नेपालका विभिन्न क्षेत्रबाट शहर बजारमा महिला तथा बालबालिकाहरुलाई घरेलु श्रमिकका रुपमा काम गराउन ल्याउने गरिन्छ । त्यस बाहेक साउदी अरेबिया, कुवेत, लेबनान, यूएई, ओमन, कतार लगायतका खाडी मुलुकहरुमा नेपाली महिलाहरु घरेलु श्रमिकको रुपमा जाने क्रम तीब्र रुपमा बढिरहेको छ ।

कम उमेर, आर्थिक कठिनाई आदिका कारण दलालले दिएको प्रलोभनमा सहजै उनीहरु एक ठाउँबाट अर्को ठाउँमा जान राजी हुन्छन् । जसले गर्दा उनीहरु बाँधा श्रममा पर्ने वा बेचिने डर भइरहन्छ । हाल वैदेशिक रोजगारीमा घरेलु श्रमिकका रुपमा जाने कम उमेरका चेलीहरु उमेर बढाई कागजपत्र बनाएर विदेश जाने वा खराब नियत भएका दलालहरुले अर्काको पासपोर्टमा उनीहरुको फोटो टाँसेर पठाई दिंदा उनीहरु जेलमा पर्नुपरेको अवस्था छ ।

यही कुरालाई मनन गरी जिफन्टले स्वदेश र विदेशमा रहेका श्रमिकहरुलाई संगठित गर्दै आएको छ । श्रमिकहरुलाई अधिकारका लागि सचेत गराउनुका साथै आइपर्ने समस्या समाधानका लागि सम्बन्धित देशको ट्रेड यूनियन र श्रम मैत्री संघ-संस्थाहरुसँग सहकार्य गर्दै आएको छ ।

त्यसैले सुरक्षित र मर्यादित रोजगारीका लागि सम्बन्धित देशका ट्रेड यूनियनहरुसँग सहकार्य गर्न द्विपक्षीय सम्झौता (MoU) हरु गरेको छ । किनभने तत्काल समस्या पर्दा स्थानीय पहल नै प्रभावकारी हुन्छ र त्यहाँकै कानुनी तथा सामाजिक अधिकारको प्रयोग गर्नुपर्दछ ।

नेपाली श्रमिक महिलाहरुको सुरक्षित र मर्यादित रोजगारी र कामको अधिकार सुरक्षित गर्नका लागि महासंघले महिला तथा बालबालिका बेचबिखन, बाँधाश्रम आदिका बारेमा विभिन्न कार्यक्रम गर्दै आएको छ ।

## कार्यक्रमको उद्देश्य

- श्रमिकहरुलाई आफ्ना अधिकारका बारेमा सचेत गराउने र महिला नेतृत्व विकास गर्ने ।
- सुरक्षित वैदेशिक रोजगारी बारे चेतना अभिवृद्धि गर्ने ।
- बाँधा वा बाध्यकारी श्रम बारे जानकारी दिने र बेचिने अवस्थालाई न्यूनिकरण गर्ने ।
- मानव बेचबिखन तथा बाँधा श्रम वा जबरजस्ती श्रमका बारेमा यूनियनका नेता/कार्यकर्ता र घरेलु श्रमिकहरु बीच चेतना अभिवृद्धि तथा विषयगत ज्ञान दिने ।
- मानव बेचबिखन तथा बाँधा श्रम वा जबरजस्ती श्रमका बारेमा श्रमिक र श्रमिकका परिवारहरुलाई जानकारी दिने ।
- वैदेशिक रोजगारीमा जाँदा पूरा गर्नुपर्ने प्रकृयाका बारेमा जानकारी दिने ।

## महासंघको काम

जिफन्ट-सहयोग समूहले प्रवासमा कार्यरत नेपाली श्रमिकहरुको हक, हित र अधिकार सुनिश्चित गर्न काम गर्दछ । कुनै धार्मिक, राजनीतिक बिचार, आस्थाका आधारमा विभेद नगरी नेपाली श्रमिकहरुलाई संगठित गर्नुका साथै उनीहरुको अधिकारको संरक्षण गर्दछ -

- विभिन्न प्रकारले ठगी र शोषणमा परेका सदस्यहरुलाई सहयोग गर्ने ।
- काम गरिरहेको देशको समाजिक मर्यादा र कानुनलाई ध्यानमा राखी

नेपाली श्रमिकहरुको हक, हित र अधिकार संरक्षणको लागि आवाज उठाउने ।

- श्रमिकहरुलाई स्थानीय श्रम कानुन, प्रवासी श्रमिकहरुका लागि बनेका कानुनी व्यवस्था लगायत बसोबास, प्रवासन, आगमन, अध्यागमन सम्बन्धी नीति नियमहरुका बारेमा प्रशिक्षित गर्ने/गराउने ।
- प्रवासी नेपाली श्रमिकहरुका समस्या समाधान गर्न स्थानिय ट्रेड यूनियन संघ, श्रम मैत्री संस्थाहरु तथा श्रमिकहरुसँग समन्वय र सहकार्य गर्ने ।
- नेपाली कुटनीतिक निकाय, संघ-संस्थाहरुसँग नेपाली श्रमिकको हकहितका लागि सहकार्य गर्ने ।
- श्रमिकहरुको समस्या समाधनको लागि वकालत गर्ने र आवश्यक कानुनी सहायता प्रदान गर्ने ।
- प्रवासमा छरिएर रहेका नेपाली श्रमिकहरुलाई संगठित गर्ने ।
- प्रवासी श्रमिक सम्बन्धी आईएलओ महासन्धि नं. १४३ र घरेलु श्रम सम्बन्धी आईएलओ महासन्धि १८९ पारित गराउन पहल गर्ने ।
- अन्तर्राष्ट्रिय प्रवासी श्रमिक दिवस (डिसेम्बर १८) प्रवासी श्रमिकका अधिकार सम्बन्धी विविध कार्यक्रम गरी भव्यताका साथ मनाउने ।
- घरेलु हिंसा (कसुर र सजाय) ऐन, मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन कार्यान्वयन गरी श्रमिक महिलाहरुको अधिकार सुनिश्चित गर्ने ।
- चेतनामूलक सामग्रीको निर्माण र वितरण गरी चेतना अभिवृद्धि गर्ने ।

## विभिन्न देशहरूमा जिफण्ट

- हंगकंग : HKTCU सँग समन्वय एशियाली घरेलु श्रमिक सञ्जाल ।
- कोरिया : KCTU सँग समन्वय गरी MTU मार्फत काम गरिरहेको ।
- मलेसिया : नेपाली प्रवासी श्रमिक संघ MTUC सँग आबद्ध ।
- कतार : प्रवासी नेपाली श्रमिक संघ
- बहराईन : GFBTU सँग सहकार्य
- कुवेत : KTUF सँग सहकार्य
- लेबनान : काफा सँग सहकार्य

**तपाई आफ्नो कार्यालयमा ढुक्कसंग काम गर्दै हुनुहुन्छ ?**
**यसमा तपाईको घरेलु श्रमिक धन्यवादका पात्र हुनुहुन्छ ।**

जेण्डर आधारित हिंसाबाट पीडित महिलाहरुलाई आवश्यक सहयोगका लागि महिला विकास शाखाले सम्बन्धित जिल्लाका महिला सहकारी मार्फत १५ वटा जिल्लाहरुमा केन्द्रको स्थापना गरिएको छ –

| | | | |
|---|---|---|---|
| १. मकवानपुर | २. नवलपरासी | ३. बाग्लुङ | ४. डोटी |
| ५. दाङ्ग | ६. कञ्चनपुर | ७. जुम्ला | ८. सोलुखुम्बु |
| ९. काभ्रेपलाञ्चोक | १०. सुनसरी | ११. बर्दिया | १२. पाँचथर |
| १३. सप्तरी | १४. तनहुँ | १५. सर्लाही | |

त्यसैगरी बेचबिखनमा परेका महिलाहरुलाई उद्धार गर्नका लागि ८ वटा जिल्लाहरुमा केन्द्रको स्थापना गरिएको छ –

| | | | |
|---|---|---|---|
| १. काठमाण्डौ | २. सिन्धुपाल्चोक | ३. कैलाली | ४. झापा |
| ५. पर्सा | ६. रुपन्देही | ७. बाँके | ८. चितवन |

## सम्पर्क गर्न सक्ने कार्यालयहरु

**राष्ट्रिय महिला आयोग**
भद्रकाली प्लाजा, काठमाडौं
**फोन** : ४२५६७०१, ४२५७६२८
**फ्याक्स** : ४२५६७८३
**इमेल** : info@nwc.gov.np
**वेव साइट** : www.nwc.gov.np

**नेपला स्वतन्त्र घरेलु श्रमिक यूनियन**
केन्द्रीय कार्यालय, मनमोहन मजदुर भवन
पुतलीसडक, काठमाडौं
**फोन** : ०१-४१६८१८१
**फ्याक्स** : ०१-४१६८०१२
**इमेल** : nidwu@gefont.org
**वेव साइट** : www.gefont.org

**लैङ्गिक हिंसा विरुद्धको उजुरी व्यवस्थापन तथा अनुगमन इकाई**
**प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय,**
सिंहदरबार, काठमाडौं
**फोन** : ०१-४२११२३०
**इमेल** : gbvpm@yahoo.com
**वेव साइट** : www.opmcm.gov.np,
www.humanrights.opmcm.gov.np

**घरेलु हिंसाबाट पीडित महिला तथा बालिकाहरुलाई आवश्यक सहयोगका लागि प्रहरीले विशेष महिला शाखा खडा गरेको छ ।**

# नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)

**पो.ब.नं.**: १०६५२, मनमोहन मजदुर भवन, जिफन्ट प्लाजा, पुतली सडक, काठमाडौं
**फोन**: ४१६८०००, फ्याक्स: ४१६८००१, **ई-मेल**: office@gefont.org
www.gefont.org

Supported by ILO